बर्दिबास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः३ मितिः २०८२/०५/१७

भाग-२

## बर्दिबास नगरपालिका

## ग्रामिण महिलाहरुको जिविकोपार्जन र आर्थिक उत्थानका लागि कृषक समूह निर्माण तथा कार्यक्रम संचालन कार्यविधि, २०८२

**प्रस्तावनाः**

सामूहिक प्रयासको माध्यमबाट आर्थिक रुपले विपन्न ग्रामिण महिलाहरूलाई आर्थिक, सामाजिक र व्यक्तिगत रुपमा सबल बनाई आर्थिक उन्नयन र जिविकोपार्जन सुधारको लागि सामूहिक प्रयासका उपायहरु र जरुरी मापदण्डहरु निर्माण गर्न वाञ्छनिय देखिएकाले बर्दिबास नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छः

**परिच्छेद-१**

**प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "ग्रामिण महिलाहरुको जिविकोपार्जन र आर्थिक उत्थानका लागि कृषक समूह निर्माण तथा कार्यक्रम संचालन कार्यविधि, २०८२" रहने छ।
(२) यो कार्यविधि बर्दिबास नगरपालिकाको राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

**२.उद्धेश्यः** यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम हुनेछः
(१) आर्थिक रुपमा पछाडी परेका महिलाहरुलाई कृषक समूह मार्फत संगठित गर्ने,
(२) महिला कृषक समूह मार्फत ग्रामिण महिलाहरुको जिविकोपार्जन सुधार र आथिक उत्थान गर्ने।

## परिच्छेद-२
## परिभाषा

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा
क) "कृषि कार्य" भन्नाले कृषि, पशुपन्छी तथा सो सँग सम्बन्धित उद्यम कार्य बुझ्नुपर्दछ।
ख) "कार्यपालिका" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।
ग) "कार्यालय" भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।
घ) "नगरपालिका" भन्नाले बर्दिवास नगरपालिका सम्झनु पर्दछ ।
ङ) "समूह" भन्नाले कृषि समूह वा पशुपन्छी समूह बुझ्नुपर्दछ।

## परिच्छेद-३
## समूह गठन

**४. लक्षित समूहः** (१) लक्षित समूह देहाय अनुसारको हुनेछः-
क) आर्थिक रुपले विपन्न महिला,
ख) दलित, जनजाती, एकल तथा अपांग महिला,
ग) बैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारीमा संलग्न नरहेका बेरोजगार महिला,
घ) विगतमा कृषि, पशुपालन वा लघु उद्यम संचालन गरको तर हाल आर्थिक अभावले उपर्युक्त क्रियाकलाप संचालन गर्न नसकेका विपन्न महिला,

(२) उपदफा (१) बमोजिम लक्षित समूहबाट लक्षित व्यक्तिको छनौट गर्नु पर्ने महिलाको उमेर न्यूनतम १८ वर्षको हुनु पर्नेछ ।

**५. कार्यक्रम संचालन स्थलको छनौटः** (१) नगरपालिकाको प्रत्येक वडामा रहेका टोलहरुका विपन्न

महिलाहरुलाई समावेस गरी कम्तीमा २ वटा समूह गठन गर्नु पर्नेछ,

(२) उपदफा (१) बमोजिम टोल छनौट गर्दा देहायका प्राथमिकताका आधारमा गर्नु पर्नेछः-

क) लक्षित समूहको उपस्थिती, रोजगारीको स्थिति र गरिबीको स्थिती,

ख) कृषि र पशुपालन, घरेलु तथा लघु उद्यम र सेवा व्यवसायका लागि उपलब्ध हुने श्रोत, कच्चा पदार्थको अवस्था, पेसा-व्यवसाय र बजारको सम्भाव्यता,

ग) नगरपालिकाले आवश्यक ठानेका अन्य विषय।

**६. समूह गठनः**(१) समूह गठन गर्दा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी टोल छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएको टोलमा गई टोल/वस्ति भेला गरी अभिमूखीकरण गरी समूह निर्माण गर्नु पर्नेछ। यसरी निर्माण हुने समूह कम्तिमा ७ (अध्यक्ष, सचिव र कोषाध्यक्ष समेत) सदस्यीय हुनु पर्नेछ।

(३) यस कार्यविधि बमोजिमको समूह गठन लगायतका कार्यहरु सेवा प्रदायक संस्था मार्फत गर्न सकिनेछ।

**७. समूह दर्ता गर्नुपर्नेः** बुँदा (६) अनुसार गठन हुने समूह कृषक समूहको रुपमा नगरपालिकामा दर्ता हुनु पर्नेछ।

## परिच्छेद-४
## क्रियाकलापहरु

**८.क्षमता अभिवृद्धिः** समूहको क्षमता अभिवृद्धिका लागि देहायका क्रियाकलाप संचालन गर्न सकिनेछ;-

क) उद्यमशिलता विकास तालिम,

ख) कृषि र पशुपन्क्षी सम्बन्धी तालिम,

ग) वित्तीय साक्षरता, बचत/ऋण व्यवस्थापन तालिम,

घ) अन्य आवश्यक तालिमहरु।

**९. वस्तु तथा सेवा सहयोगः** समूहलाई कृषि कार्यको लागि आवश्यक पर्ने वस्तु तथा सेवाहरु सहयोग गरिनेछ। जस्तैः बाख्रा सहयोग, पाडा सहयोग आदी।

**१०. पूर्वाधार निर्माणः** समूहलाई कृषि कार्य गर्न सहज हुने गरी पूर्वाधार निर्माण गर्न सकिनेछ।जस्तैः बाख्रा पालनको लागि गोठ निर्माण, खेतीको लागि कुलो निर्माण आदी।

**११. प्रविधि तथा मेशिनरी सामान हस्तान्तरणः** समूहलाई आधुनिक ढंगबाट कृषि कार्यमा समावेश गराउन आवश्यक प्रविधि तथा मेशिनरी सामान उपलब्ध गराउन सकिनेछ।

**१२. अन्य सहयोग सामाग्रीः** कृषि कार्यको लागि आवश्यक पर्ने अन्य सामाग्रीहरु उपलब्ध गराउन सकिनेछ। जस्तैः मल, स्प्रे ट्याङ्की आदी।

**१३. उद्यमशिलताः** सम्बन्धित कृषि कार्यको उधम गर्न चाहने समूहलाई आवश्यक मेशिन, उपकरणहरु सहयोग गर्न सकिनेछ।

## परिच्छेद-५
## अनुगमन

**१४. अनुगमन समितिः** (१) कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्न देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः

क) नगर उपप्रमुख- संयोजक
ख) सम्बन्धित वडाको वडाअध्यक्ष- सदस्य
ग) रोजगार शाखा प्रमुख वा प्रतिनिधि- सदस्य
घ) पशुपन्क्षी शाखा प्रमुख वा प्रतिनिधि- सदस्य
ङ) कृषि शाखा प्रमुख वा प्रतिनिधि- सदस्य सचिव

(२) अनुगमन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्ः-

क)चौमासिक तथा बार्षिक प्रगति अवस्थाको विश्लेषणका लागि नियमित अनुगमन गर्ने,
ख)कार्यालयबाट खटिएका कर्मचारी वा सेवा प्रदायक संस्थाले सम्झौतामा उल्लेख भए बमोजिम काम गरे नगरेको सम्बन्धमा स्थलगत अनुगमन गरी वास्तविकता पत्ता लगाउने,
ग)कार्यक्षेत्रमा देखिएका र अनभुव गरिएका राम्रा अभ्यास तथा सधुार गर्नुपर्ने पक्षहरूमा छलफल गर्ने, गराउने,
घ) स्तरोन्नति र प्रविधि हस्तान्तरणका सम्बन्धमा भैरहेका कार्यको उपलब्धिर प्रगति समीक्षा गर्ने,
ङ) महिला समूहले जिविको पार्जन र आर्थिक उत्थान सम्बन्धी कार्यमा गरेको प्रगति विवरणको जानकारी लिने,
च) अनुगमनका क्रममा कार्यसम्पादन सन्तोषजनक भए नभएको विषयमा नगरपालिकालाई जानकारी गराउने,
छ) सूचना प्रविधिलाई उपयोग गरी अनुगमनलाई प्रभावकारी र नतीजामुखी बनाउने।

**१५. प्रगति प्रतिवेदन तयार गर्नु पर्नेः** (१) कृषि र पशुपन्क्षी शाखाले समयमै प्रतिवेदन तयार गर्नुपर्नेछ।

(२) कार्यालयले सम्पन्न भएका सबै क्रियाकलापलाई एकिकृत तथ्यांक राख्नु पर्नेछ, सोका लागि उपयुक्त MIS प्रणालीको व्यवस्थापन गर्ने दायित्व कार्यालयको हुने र प्रणालीमा प्रविष्टि गर्नुपर्ने दायित्व शाखाको हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्रणालीमा तथ्यांकहरु प्रविष्टि भए नभएको हेर्ने जिम्मेवारी सूचना प्रविधि शाखाको हुनेछ।

## परिच्छेद ६
## विविध

**१६. गुनासो व्यवस्थापनः** (१) कार्यक्रमका कार्यान्वयनको सन्दर्भमा कुनै गुनासो भएमा नगर प्रमुख, नगर उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत समक्ष गुनासो गर्न सकिनेछ।

**१७. बाधा अड्काउ फुकाउनेः** (१) यस कार्यविधिमा कुनै द्विविधा भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**१८. सजायः** (१) नगरपालिकाबाट उपलब्ध गराएको सहयोग, मेशिन र प्रविधिहरुको दुरुपयोग गरेमा नगरपालिकाबाट दिने सुविधा बञ्चित गरिनेछ र उपलब्ध गराएको सामाग्री फिर्ता लिई थप क्षतिपूर्ती भराईनेछ।

आज्ञाले,
रामप्रमणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत